# वीरगंज महानगरपालिका

**Birgunj Metropolitan City**

नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर, वीरगंज, पर्सा

मधेस प्रदेश, नेपाल


प.सं. २०८०/०८१ मिति -: २०८०/१२/२७

च.नं. ६८४८

श्री सबै सहकारी संस्थाहरु

वीरगंज महानगरपालिका।

**विषय :– विवरण उपलब्ध गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा सर्वसाधारण नागरिकले स–सानो बचत र आर्थिक कारोवार गर्ने सहकारी संस्थामा पछिल्लो समय बढ्दै गईरहेको आर्थिक अपराध र बेथितिका घटनाप्रति वीरगंज महानगरपालिका संवेदनशील छ। सहकारीको नियमन, निस्कृय सहकारीलाई कारवाहि तथा समस्याग्रस्त घोषणा गर्ने काम पनि सँगसँगै अघि बढाईएको छ। यस सम्बन्धमा थप अनुसन्धान गरी सहकारी संस्थाको दिगोपनाको योजना तयार पार्नु पर्ने भएकोले निम्न बमोजिमका कागजात सहित यस वीरगंज महानगरपालिकाको कार्यालय, सहकारी, रोजगार तथा उद्यम विकास प्रवद्र्धन शाखामा (७) सात दिन भित्र प्राप्त हुने गरी अनिवार्य रुपले पठाई दिनु हुन अनुरोध छ। अन्यथा वीरगंज महानगरपालिकाको सहकारी ऐन, २०७४ तथा नियमावली २०७८ बमोजिम कार्यवाही भई जाने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**निम्न**

१) संचालक समितिको विवरण नागरिकता प्रतिलिपि समेत।

२) ऋणी र बचतकर्ताको ऋण र बचत विवरण तथा सम्पर्क नम्बर।

३) संस्था आफनै भवनमा भएकाको हकमा सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी, बहालमा भए बहाल सम्झौता पत्र र बहाल कर तिरेको रसिदको प्रतिलिपी।

४) व्यवसाय दर्ता प्रमाण पत्र नविकरण सहितको प्रतिलिपी।

५) आ.व. २०७९/०८० को वार्षिक साधारण सभा तथा वार्षिक लेखा परिक्षण प्रतिवेदनको प्रतिलीपी।

**बोद्यार्थ**

१. श्रीमान् प्रमुखज्यूको सचिवालय, जानकारीको लागि

२. श्रीमान उपप्रमुखज्यूको सचिवालय, जानकारीको लागि

३. श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू, जानकारीको लागि, बी.म.न.पा.

मातृका भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner